जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्ष: ११, अंक: २३० पृष्ठ: ४ | २०८१ पुस २४ गते बुधबार (Wednesday 08 Jan. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com


## हार्दिक शुभकामना तथा बधाई



प्रेस सेन्टर नेपाल सिरहा शाखाको पाँचा जिल्ला अधिवेशबाट **रामभरोसी यादव**लाई सर्वसम्मतिले जिल्ला अध्यक्ष पदमा चयन हुनु भएको उपलक्ष्यमा सफल कार्यकालको लागि हार्दिक मंगलमय शुभकामना गर्दछौं।

**मार्गानुगामी**
**राष्ट्रिय दैनिक परिवार**


# राउतको स्टाट्सले बिच्किए मधेशमा गठबन्धन दल

**अजित तिवारी**

जनकपुर, २३ पुस। जनमत पार्टीका अध्यक्ष सीके राउतले 'कांग्रेस-एमालेले मधेश सरकारलाई घेराबन्दीमा पारेको' भन्दै लेखेको स्टाट्सप्रति रोष प्रकट गर्दै सत्ता गठबन्धन दल कांग्रेस, एमाले, लोसपा र प्रमुख प्रतिपक्षी दल जसपाले आपत्ति जनाएका छन्। ४ महिनापछि मंगलबारदेखि सुरु भएको मधेश प्रदेशसभाको बैठकमा बोल्दै कांग्रेसका मधेश सभापति एवं प्रदेश सांसद कृष्णप्रसाद यादवले जनमतका अध्यक्ष राउतले काठमाडौं बसेर मधेश प्रदेश सरकारलाई नियन्त्रण गर्न खोजेको आरोप लगाए। उनले मुख्यमन्त्री सतिशकुमार सिंहलाई राउतले स्वतन्त्ररुपमा काम गर्न नदिएको पनि बताए। 'नाँच्न आउँदैन अनि आँगन टेढो देख्ने,' उनले भने,'शुभकामना दिने समयमा म विरोध गर्न चाहन्थे। तर, पीडा छ। कांग्रेस-एमालेलाई भ्रष्ट, कमिशन खोर र दलाल पार्टी भनेर राउतले मधेश सरकारलाई समस्यामा पारेको छ।'

उनले मुख्यमन्त्री सिंहलाई काम गर्न कांग्रेसले समस्या नपारेको पनि दाबी गरे। 'कांग्रेसले कुन ठाउँमा समस्या पाऱ्यो भन्नुपऱ्यो नि,' उनले भने,'बरु मुख्यमन्त्रीजी बिहान गरेको सहमति भरे नै तोड्नु हुन्छ। हामी जनमतका सतिशसिंह मुख्यमन्त्री रहेको सरकारलाई समर्थन गरेका छौं। राउतलाई होइन्।' जनता समाजवादी पार्टीका प्रदेश सांसद एवं पूर्वमुख्यमन्त्री लालबाबु राउतले पनि जनमत अध्यक्ष राउतले दिएको अभिव्यक्तिको विरोध जनाए। उनले राउतको अभिव्यक्ति 'आफ्नो दल दूधले नुहाएको र अरु दल चोर ठान्ने' सोचले आएको बताए। 'मधेश सरकार सुतेको छ। शान्तसँग बसेको हामीले अनुभूति गरेका छौं,' राउतले भने,'होल एन्ड सोल निर्णय गर्ने अधिकार मुख्यमन्त्रीको हुन्छ। माथिबाट निर्देशित गर्ने होइन। म पनि ५ वर्ष मुख्यमन्त्री थिएँ। अध्यक्षजीले कहिल्यै यसो-उसो भएन भनेर कहाँ बोल्नु र खेल्नु भयो ?'

एमालेकी सांसद शारदादेवी थापाले मधेश प्रदेश सरकारले विकासको गतिलाई बढाउनुपर्ने बताइन्। लोसपाका सांसद उपेन्द्र महतोले राउतले समाजिक सञ्जालमा अरु दललाई लगाएको आक्षेप गम्भीर रहेको बताए। 'सरकार सञ्चालनमा समस्या छ भने भन्नुपऱ्यो नि,' उनले भने,'ड्राइभिङ सिटमा बसेर आक्षेप लगाउनु ठीक होइन। आन्दोलन गर्नु र सरकार चलाउनु बिल्कुलै फरक काम हो। यो कुरा जनमत पार्टीले बुझ्नुपर्छ।'

मुख्यमन्त्री सिंहले प्रदेशसभाको बैठक आह्वान गर्न केही समय ढिलो भएको स्वीकार गरे। उनले दलहरुले दिएको सल्लाह-सुझावअनुसार नै सरकार अगाडि बढ्ने बताए। 'खाल्डैखाल्डा भएको सडकमा ड्राइभिङ गर्दा झट्का त लाग्छ नै,' मुख्यमन्त्री सिंहले भने,'तर, जोगाएर हाँक्ने प्रयासचाहिँ गर्नुपर्छ।'

# प्रादेशिक अस्पतालका बिरामीलाई कम्बल वितरण




सिरहा, २३ पुस। लहानस्थित रामकुमार उमाप्रसाद स्मारक प्रादेशिक अस्पतालका बिरामीलाई लहान नगरपालिकाले ६५ थान कम्बल सहयोग गरेको छ। नगरपालिकाको तर्फबाट नगरप्रमुख महेशप्रसाद चौधरीले सोमबार ती कम्बल अस्पताललाई प्रदान गर्नुभएको हो। सो अवसरमा उहाँले गरिब तथा विपन्न बिरामीलाई शीतलहर र चिसोबाट बच्नका लागि कम्बल सहयोग गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "दिनानुदिन चिसो बढ्दै छ, कठ्याङ्ग्रिँदो चिसोले गरिब तथा विपन्न वर्गका बिरामीलाई थप बिरामी पर्नबाट बचाउन सहयोग पुग्छ भन्ने उद्देश्यले कम्बल वितरण गरिएको हो। यसबाट यहाँ बस्ने बिरामीले न्यानोसँग रात काट्नेछन्।" शीतलहरको जोखिमले अस्पतालका बिरामीको स्वास्थ्यमा थप समस्या उत्पन्न हुनसक्ने जनाउँदै अस्पतालका प्रमुख डा बिजेन्द्रकुमार यादवले कम्बल वितरणले बिरामीको शारीरिक र मानसिक अवस्थामा राहत पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले स्थानीय तहले गर्नैपर्ने सहयोग अस्पतालाई गरेको आफूहरूले महसुस गरेको धारणा राख्नुभयो। यस अस्पतालमा ६५ शय्या रहेका छन्।





**CITY TRADE CONCERN**
Hero Showroom Lahan-3, Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698


## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

- हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,
- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिब्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,
- सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 9801591693 | 9819784901

# सम्पादकीय

## विद्युत् प्राधिकरण जोगाऊ

केही समय यता नेपाल विद्युत् प्राधिकरण र तालुक अ ा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबीच नै अस्वस्थ द्वन्द्व बढ्दै गएको देखिन्छ। सार्वजनिकरूपमै देखापरेको यो द्वन्द्व ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङबीचको व्यक्तिगत विवाद देखिनपुगेको छ। बाहिर हेर्दा मन्त्री र कार्यकारी निर्देशकबीच उद्योगहरूलाई दिइएको भनिएको 'डेडिकेटेड एवं ट्रङ्कलाइन'को महसुल उठाउने विषयमा भएको विवाद चर्केर यस अवस्थामा पुगेको देखिन्छ। तर, कार्यकारी निर्देशकले मन्त्रीलाई गरेको अवज्ञा र कार्यकारी निर्देशक हटाउने मन्त्री प्रपञ्च हेर्दा भने यस द्वन्द्वको कारण अरू पनि केही छ कि भन्ने सन्देह हुन्छ।

कारण जे सुकै होस् सरकारका जिम्मेवार पदाधिकारीले राज्यका निकायहरूकै साख र स्तर गिर्ने हदसम्म यसरी हठ देखाउनु स्वस्थ वा उचित प्रवृत्ति होइन। यस्तो अस्वस्थ द्वन्द्वमा संलग्न भएर मन्त्री खड्का र कार्यकारी निर्देशक घिसिङ दुवैले आआफ्नो पदको गरिमा राख्न भने नसकेको देखियो। एकातिर मन्त्री खड्का घिसिङ्लाई हटाउन स्पष्टीकरणको ताँती लगाउने र अर्कातिर प्राधिकरणका अध्यक्ष मन्त्रीको आदेशलाई कार्यकारी निर्देशकले निरन्तर अवज्ञा गर्ने गर्दै आएका छन्। यस्तो अवस्थामा त प्राधिकरणको बैठक बसेर आवश्यक निर्णय सही समयमा लिनसमेत नसक्ने स्थिति बन्नसक्छ। खड्का र घिसिङबीचको क्लेषको 'ताप' भने समग्र देश र विशेषगरी ऊर्जा क्षेत्रले भोग्नु परेको छ। यो अनुचित र अस्वस्थ द्वन्द्व बेलैमा साम्य भएन भने देशले ठूलै क्षति बेहोर्नुपर्ने हुनसक्छ। यसैले यो द्वन्द्व यथाशीघ्र टुंग्याउन आवश्यक भए प्रधानमन्त्रीकै तहबाट अग्रसरता देखाउनुपर्ने देखिन्छ।

कार्यकारी निर्देशक घिसिङ्ले प्राधिकरणको हितका लागि अडान राख्नु अनुचित वा अस्वाभाविक होइन। तर, तालुकवाला मन्त्रीको सार्वजनिकरूपमै अवज्ञा गर्नु भने अनुशासनहीनता हो। लोडसेडिङ अन्त्य गरेको जसलाई घिसिङले यसरी अवमूल्यन गर्नुहुने थिएन। यस्तै ऊर्जा व्यवसायीसमेत रहेका खड्का ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री नियुक्त भएकै समयमा पनि स्वार्थको द्वन्द्व देखिनसक्ने शङ्का धेरै कोणबाट व्यक्त भएको थियो। नभन्दै खड्काको कार्यकाल अपेक्षाकृत बढी नै विवादमा पर्न पुग्यो। मातहत कर्मचारीसँग यसरी विवादमा मुछिँदा उनको राजनीतिक र व्यावसायिक साखमा धक्का लाग्न सक्छ।

खड्का घिसिङ विवाद जसरी व्यक्तिगत बन्नपुगेको छ र त्यसको राजनीतिकरण गर्न खोजिएको छ त्यो हेर्दा दुईमध्ये कुनै एक जनालाई हटाएर पनि समस्या समाधान नहुने र गलत परम्परा बस्ने जोखिम देखियो। यसैले दुवैलाई विश्राम गर्न पठाएर प्राधिकरण र मन्त्रालयलाई नयाँ नेतृत्व दिनु सम्भवतः यस संकटको सबैभन्दा उत्तम र सहज समाधान हुनसक्छ।




## नक्कली इन्स्पेक्टर बनेर ठगी गर्ने दुई जना पक्राउ

काठमाडौं, २३ पुस। प्रहरीको नक्कली इन्स्पेक्टर बनेर ठगी गर्ने दुई जनालाई काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरेको छ। पक्राउ पर्नेमा काठमाण्डौको कागेश्वरी मनोहरा नगरपालिका–७ थापाचोक बस्ने ३८ वर्षीय सुदीप थापा र सप्तरीको खडक नगरपालिका–१० घर भई काठमाण्डौ महानगरपालिका–३२ कोटेश्वर बस्ने ४४ वर्षीय किशोरकुमार चौधरी रहेका छन्। थापा र चौधरीले प्रहरी निरीक्षकको पोशाक लगाई नक्कली परिचयपत्र, विशेष बढुवा सिफारिश सूची प्रकाशित भएको पत्र, विभिन्न उच्च पदस्थ व्यक्तिहरूसँगको फोटो देखाई सम्पर्क रहेको र वैदेशिक रोजगारीका लागि विदेश पठाउने भन्दै ठगी गरेको सूचनाका आधारमा पक्राउ गरेको प्रहरीले जनाएको छ। उनीहरूको साथबाट प्रहरी निरीक्षकको परिचयपत्र एक थान, प्रहरी निरीक्षकको पोशाक लगाएको फोटो चार थान र मोबाइल एक थान बरामद भएको छ। उनीहरूलाई ठगी तथा लिखतसम्बन्धी कसूर (किर्ते) मुद्दामा अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर काठमाण्डौ पठाइएको छ।

# विश्वविद्यालयले पढाउनुपर्ने चाहिं के हो ?

**एउटा क्षेत्रको मात्र ज्ञान भएको युवाले अहिले जस्तो बहुआयामिक समाजका समस्या समाधान गर्न सक्दैन। त्यसको लागि पढाइ पनि बहुआयामिक हुनुपर्दछ। यो विषयमा हामीले सही बाटो पहिल्याउन सक्दा मात्रै उच्च शिक्षा साँचो अर्थको सुधारको बाटोमा लम्कन सक्दछ।**

**डा. सञ्जिब हुमागाईं**

हाम्रो दोषी चस्माले सिंगापुरको विकासमा ली क्वान युलाई भल्भली देखिरहँदा त्यहाँको विकासको मेरुदण्डको रूपमा रहेको सिंगापुर राष्ट्रिय विश्वविद्यालयलाई नजरअन्दाज गर्दछ। कोरिया सन् १९५०–६० सम्म हामीभन्दा पनि गरिब थियो, पार्क जुङ हीले कस्तो चमत्कार गरे भनेर उनका परिवारका सदस्यले भन्दा पनि धेरै उनको व्यक्तिगत प्रशंसा गरिरहेको भेटिन्छौं। कसरी छोटो अवधिमा त्यहाँका धेरै विश्वविद्यालय संसारको उत्कृष्ट विश्वविद्यालयहरूमा सूचीकृत हुन सके र उनीहरूको आर्थिक एवं राजनीतिक आधुनिकीकरणमा कस्तो भूमिका रहयो हाम्रो चासोको विषय बन्दैन। विश्वविद्यालय र राज्यको आर्थिक, सामाजिक र राजनीतिक आधुनिकीकरणमा नङ र मासुको जस्तै सम्बन्ध हुन्छ। राज्यले उच्च शिक्षाको व्यवस्थापन मार्फत आफूलाई आवश्यक जनशक्ति उत्पादन गर्दछ। विश्वविद्यालयहरू राज्यका लागि आवश्यक जनशक्ति उत्पादनको 'कारखाना' हुन्।

आर्थिक आधुनिकीकरणमा सफलता प्राप्त गरेका वा गरिरहेका देशका विश्वविद्यालयका कक्षा कोठा र आँगनहरू गतिशील, चलायमान हुन्छन्। ऊर्जाले भरिएका हुन्छन्। विश्वविद्यालयभित्रको ऊर्जा समाजसम्म सम्प्रेषण हुन्छ। विश्वविद्यालयका विद्यार्थीको आँखामा संसार हाँक्ने आत्मविश्वास हुन्छ। खासमा, देश कसरी चलिरहेको छ हेर्न विश्वविद्यालयहरूका आँगन हेरे पुग्छ जरुर, आधुनिक युगमा ज्ञान उत्पादन र सम्प्रेषण दुवैमा विश्वविद्यालयको उत्तिकै भूमिका हुन्छ। त्यस्ता दुई लक्ष्यहरू प्राप्ति गर्न नितान्त फरक रणनीतिहरू आवश्यक हुन्छन्। जान–अन्जान हामीले यसलाई नछुट्याई संवाद गरिरहेका हुन्छौं। यहाँ दोस्रो विषयमा छलफल गर्न खोजिएको छ। यो वर्तमान नेपालको लागि सबैभन्दा महत्वपूर्ण पक्ष पनि हो।

**अपूर्ण र जबरजस्त पूँजीवादी भाष्यहरू**

विश्वविद्यालयमा हुने पढाइको विषय दुई अपूर्ण र डरलाग्दा भाष्यको बीचमा फसेको छ पहिलो, नेपालका विश्वविद्यालयहरूलाई तत्काल नर्वे, डेनमार्क जस्ता देशहरूमा रहेका विश्वविद्यालय बनाउने सपनाका बहसहरू छन्। कहाँ अब पढाउने हो? त्यो युगको अन्त्य भई सक्यो। अब त सिकाउनुपर्दछ। विद्यार्थीलाई अनुसन्धान गराउनुपर्दछ। लामो समयदेखि यस्तै कर्ण प्रिय, सुन्दर र आदर्शवादी तर तत्कालका लागि अव्यावहारिक बहसहरूमा अड्किएको छ हाम्रो उच्च शिक्षा सुधारको बहस।

हो जानुपर्ने त्यहीं हो। यसमा द्विविधा नै भएन। तर कहिले र कसरी भन्ने बहस पनि सँगसँगै गर्नु आवश्यक हुन्छ साथै, त्यो हाम्रो तत्कालको आवश्यकता हो कि होइनको विषयमा पनि निर्मम समीक्षा आवश्यक छ। पहिलो, संसारका प्रायः सबै विश्वविद्यालयमा स्नातक तहमा पढाउने विषयले सधैं उच्च प्राथमिकता पाउँछ। हार्वर्ड विश्वविद्यालयले युद्युबमा राखेको प्रोफेसरको माइकल स्याण्डलको 'न्यायः के गर्नु असल हुन्छ?' भन्ने एउटा कक्षा मात्रै हेर्यो भने पनि विश्वविद्यालयमा पढाउने विषय अभै कत्ति महत्वपूर्ण रहेको छ प्रष्ट हुन्छ।

दोस्रो, स्नातक तहका पहिलो र दोस्रो वर्षमा लेक्चर विधिबाट कक्षा सञ्चालन गर्ने पद्धति आम प्रचलनमा छ। तेस्रो, अलि धेरै प्रयोगात्मक विधि अवलम्बन गरिने विश्वविद्यालयमा प्रवेश गर्ने विद्यार्थीले स्कूल जीवनमा नै धेरै पुस्तकहरू पढिसकेका हुन्छन्। सम्बन्धित क्षेत्र, भाषा र प्रविधिको बारेमा ज्ञान राखेका हुन्छन्। हाम्रा विद्यार्थीहरू कस्ता छन्? फेरि त्यस्ता अभ्यास गर्न कस्तो पूर्वाधार र जनशक्ति आवश्यक हुन्छन्? त्यसलाई हामीले कहिले र कसरी पुरा गर्दैछौं?

चौथो, उच्च शिक्षा प्राप्ति पश्चात् जागिर प्राप्त गर्ने विधिले शिक्षण विधिलाई निर्धारण गर्दछ। हाम्रोमा के छ र त्यसको लागि कस्तो तयारी गर्नुपर्दछ? पाँचौं, हामी सबैले अनुसन्धान गर्ने विश्वविद्यालयको रूपमा परिचित सिंगापुर राष्ट्रिय विश्वविद्यालय पनि २०औं शताब्दीमा शिक्षा केन्द्रित विश्वविद्यालय थियो भन्ने तथ्यलाई पनि बिर्सनुहुँदैन। कक्षा कोठामा कसरी कक्षा सञ्चालन गर्ने भन्ने विषय देशको अवस्था र आवश्यकताले निर्धारण गर्दछ। क्रमिक सुधारको बाटोमा हिंड्नुपर्दछ।

अब अर्को डरलाग्दो भाष्यको चर्चा गरौं। केही समय अगाडिदेखि विश्वविद्यालयका कक्षा कोठाभित्र अध्ययन, अध्यापन हुने विषयहरू र बजारमा आवश्यक सीप बीच ठूलो खाडल छ भन्ने भाष्यले जरा गाड्दै गएको छ। सुन्दा अत्यन्तै व्यावहारिक लाग्ने यो तर्कलाई आलोचनात्मक हेर्नु आवश्यक छ। सबैभन्दा पहिला हामी यो विषयमा प्रष्ट हुनु आवश्यक छ कि यो चरम पूँजीवादी भाष्य हो। विश्वविद्यालयले नै कम्पनीमा काम गर्ने जनशक्ति उत्पादन गर्नु पर्यो भनेको कम्पनीहरू कुनै नयाँ जनशक्तिलाई अनुबन्धित गराइसकेपछि उसलाई तालिम दिनु नपर्ने शैक्षिक एवं आर्थिक संरचना निर्माण गरौं भन्ने हो। यसबाट कसलाई फाइदा हुन्छ? यस्तो भाष्य कसले निर्माण गर्दछ?

दोस्रो र सबैभन्दा महत्वपूर्ण विषय विश्वविद्यालय तहको शिक्षा प्राप्त गरेको एउटा युवासँग सामान्य सीप मात्रै होइन सिङ्गो जीवन जिउन आवश्यक सक्षमताहरू आवश्यक हुन्छन्। हामीलाई सीपयुक्त असल नागरिकहरू आवश्यक छन्। विश्वविद्यालयले त्यसमा सन्तुलित ध्यान दिनुपर्दछ। नागरिकलाई सीपयुक्त बनाउने काम उद्योग र व्यवसायको पनि हो। तेस्रो, यो बहस आफैंमा अहिलेको युगको विकासक्रम विपरीत पनि छ। सूचनाप्रविधिको अप्रत्यारिलो विकासका कारण हरेक दिन समाज र कार्यक्षेत्रमा आवश्यक सीपको प्रकृति फेरिँदैछ। कक्षा कोठामा सिकेको ज्ञान र सीपलाई जीवनभर प्रयोग गर्ने युग अन्त्य भइसकेको छ। हरेक दिन, हरेक समय नयाँ सीप र विधि सिक्ने व्यक्ति मात्रै टिक्ने युगको सुरु भएको छ। संसारले यो विषयमा छलफल सुरु गरेको दुई दशक भन्दा धेरै भइसक्यो।

सन् २००९ मा अमेरिकाको डार्टमाउथ कलेजको पहिलो एसियाली मूलका प्रेसिडेन्ट नियुक्त भएका किम योङले आफ्नो पहिलो मन्तव्यमा भनेका थिए– अबका युवा कपास जस्तै हुनुपर्दछ जोसँग सूचनाप्रविधिको विकासका कारण र अन्य कारणले आउने परिवर्तनमा सजिलै अभ्यस्त हुनसक्ने, समायोजन हुनसक्ने क्षमता अपरिहार्य हुन्छ। अब भन्नुहोस्, विश्वविद्यालयमा के पढाउनुपर्दछ?

**पढाइका दुई फरक तर सम्बन्धित मुद्दा**

विश्वविद्यालयमा हुने पढाइ सुधारका बहसका दुई पाटाहरू छन्। पहिलो, अध्ययन, अध्यापन हुने विषय नै धेरै कम छन्। विश्वको अहिलेको ध्यान तथ्यांक, एआई, बिग डेटालाई प्रयोग गरेर अर्थ सामाजिक समस्या कसरी समाधान गर्न सकिन्छ भन्नेमा छ र सो सम्बन्धी स्नातक तहमा विविध कार्यक्रमहरू विकसित भएका छन्। जस्तै नेपालमा शिक्षा कार्यक्रम अन्तर्गतमा अहिले पनि धेरै विद्यार्थी अध्ययनरत छन्। सूचनाप्रविधिको विकास र कोरोनाले सिकाएको पाठमा आधारित भएर शिक्षा क्षेत्रमा संसारभर अहिले "शिक्षा इन्जिनियरिङ" सबैभन्दा लोकप्रिय शैक्षिक कार्यक्रम हो। हाम्रोमा यसको पठन–पाठनको अभै कुनै संकेत छैन। व्यवस्थापन नेपाली विद्यार्थीको अर्को प्रमुख रोजाइको विषय हो। यो क्षेत्रमा विकसित देशका विश्वविद्यालयहरूमा व्यवस्थापन तथ्यांक, स्वास्थ्य व्यवस्थापन, ग्लोबल व्यापार व्यवस्थापन जस्ता देशको भविष्यसँग जोडिएका धेरै विभाग र कार्यक्रम सञ्चालन हुन्छन्। एकै संकायबाट दीक्षित विद्यार्थीले पनि आफ्नो रोजाइ अनुसारको विज्ञता हासिल गरेका हुन्छन्।

हाम्रो पढाइमा सुधार हुनुपर्ने पहिलो विषय यही हो। विश्वविद्यालयहरूले संकाय र विभाग जस्ता पुरातनवादी पर्खालहरूलाई भत्काएर, अन्तर विभाग र संकाय कार्यक्रमहरू विकसित गर्नुपर्दछ। शिक्षा मन्त्रालय र विद्यालय अनुदान आयोगले त्यस्ता कार्यक्रम प्रोत्साहन गर्न कत्ति पनि कन्जुस्याइँ गर्नुहुँदैन। यो राष्ट्रिय स्वाधीनतासँग जोडिएको विषय हो।

राज्यका प्रत्येक क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन समुन्नत नेपाल निर्माणको पहिलो खुड्किलो हो। थोरै क्रेडिट कोर्ष लिएर पनि सम्बन्धित क्षेत्रमा दक्षता प्राप्त गर्न सक्ने धेरै पाठ्यक्रमहरू विकास गर्नुपर्दछ। विद्यार्थीलाई धेरैभन्दा धेरै उप–डिग्रीको विकल्प खुला गर्नुपर्दछ। जब हाम्रो ध्यान त्यहाँ जान्छ, विश्वविद्यालयले पढाउने धेरै क्षेत्र र विषयहरू पहिचान हुन्छन्। दोस्रो र कत्ति पनि ढिलाइ नगरी विश्वविद्यालयहरूमा जीवन र जगत पढाउनुपर्दछ। विद्यार्थीलाई समस्या पहिचान गर्ने र समाधानको नेतृत्व गर्न सक्ने बनाउनु छ। एकातर्फ हाम्रो समाज नैराश्यताले भरिएको छ भने अर्कोतर्फ सूचनाप्रविधिको विकास र हाम्रो सामाजिक रूपान्तरणको कारण समाज र अर्थतन्त्रमा नयाँ खाले समस्याहरू देखा पर्न थालेका छन्। त्यसलाई चिरफार गर्न र सकारात्मक बाटोमा विकसित गर्न जीवन र जगतको बारेमा छुट्टै पाठ्यक्रम, पाठ्यसामग्री र पढाउन सक्ने जनशक्ति विकास गर्न कत्ति पनि ढिलाइ गर्नुहुँदैन।

यस्ता विषयलाई अमेरिका, चीन लगायत देशमा लिबरल आर्ट्स् भन्ने गरिन्छ। त्यहाँका विश्वविद्यालयमा कुनै पनि शैक्षिक कार्यक्रममा अध्ययन गर्ने विद्यार्थीले अनिवार्य रूपमा लिबरल आर्ट्सका कक्षाहरू पढ्नुपर्दछ। अमेरिकामा यो व्यवस्था आधा शताब्दी अगाडिदेखि अभ्यासमा छ। विश्वविद्यालय भित्र त्यस्ता कार्यक्रम सञ्चालन गर्ने छुट्टै संकाय वा निकाय हुन्छ। त्यसले राष्ट्रिय आवश्यकता अनुसारका कोर्ष विकसित र कक्षा सञ्चालन गर्दछ। हरेक संकायका विद्यार्थी आफूले पढ्न चाहेको विषय दर्ता गरेर अध्ययन गर्दछन्।

जस्तै कोरियाको योंसे विश्वविद्यालयले आफ्ना विद्यार्थीलाई संस्कृति र कला, मानव र इतिहास, भाषा र अभिव्यक्ति, मूल्य र नैतिकता, राज्य र समाज, स्थानीय र विश्व, तर्क र गणित, पर्यावरण र पृथ्वी, जीवन र वातावरण, सूचना र प्रविधि, खेल र स्वास्थ्य अन्तर्गत हरेकमा भन्डै ३०–३० विषय गरी ३०० भन्दा धेरै विषय उपलब्ध गराउँछ। सो विश्वविद्यालयमा भर्ना भएका सबै विद्यार्थीले त्यस्ता विषयहरूमध्ये १० भन्दा धेरै विषय पढ्नुपर्ने हुन्छ। कोरियन, अमेरिकन, चाइनिज सबैले पढ्नुपर्ने अनि नेपाली युवाले यस्ता विषय पढ्नुपर्दैन? विश्वविद्यालयको पढाइ त्यतिखेर पूर्ण हुन्छ जब एउटा युवासँग सम्बन्धित क्षेत्रको ज्ञान र उसले नेतृत्व गर्ने सामाजिक जीवनमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने क्षमता राख्दछ। के एउटा क्षेत्रको मात्र ज्ञान भएको युवाले अहिले जस्तो बहुआयामिक समाजका समस्या समाधान गर्न सक्दछ? सक्दैन। त्यसको लागि पढाइ पनि बहुआयामिक हुनुपर्दछ। यो विषयमा हामीले सही बाटो पहिल्याउन सक्दा मात्रै हाम्रो उच्च शिक्षा साँचो अर्थको सुधारको बाटोमा लम्कन सक्दछ।

तेस्रो, विश्वविद्यालयले हाम्रा युवाहरूलाई विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गर्न आवश्यक भाषा र प्रविधि पढाउनुपर्दछ। नेपाललाई अहिले पर्यटन, अन्तर्राष्ट्रिय व्यापार साथै धेरै क्षेत्रमा काम गर्ने युवाहरूको

**–बाँकी तीन पेजमा**

*विश्वविद्यालयले ...*

आवश्यक छ जानअन्जान हामीले ठूला उद्योग खोलेर, ठूलो मात्रामा सामान उत्पादन गर्ने र त्यसलाई केन्द्रबिन्दुमा राखेर आर्थिक विकास गर्ने एसियाका अन्य देशहरूले अभ्यास गरेको मोडेललाई आत्मसात् नगर्ने निर्णय गरिसकेका छौं। हामीले विशेष दक्षता हासिल गर्नुपर्ने, सफलता गर्नुपर्ने 'सेवा' क्षेत्र नै हो। सेवा क्षेत्रलाई नेतृत्व गर्न सक्ने जनशक्तिसँग अन्तर्राष्ट्रिय स्तरको सक्षमता आवश्यक हुन्छ र हामीले पढाउने पनि त्यही हो।

हामीलाई राष्ट्रिय सहमति आवश्यक छ कहिले र के–के पढाउने भन्ने बारेमा। मध्यम र दीर्घकालीन योजना निर्माण गर्नुपूर्व देशका प्रायः सबै विश्वविद्यालयका कुलपति एवं सहकुलपति रहनुभएका सम्माननीय प्रधानमन्त्री र माननीय शिक्षा मन्त्रीले पढ्ने अवसर नै खोसिएका हाम्रा विश्वविद्यालयका तेस्रो, चौथो र पाँचौं वर्षका विद्यार्थीको अधिकार सुनिश्चितताको लागि विशेष प्याकेज घोषणा गरेर विद्यार्थी केन्द्रित उच्च शिक्षाको सुधारको नयाँ अध्याय सुरु गर्नु हुनेछ भन्नेमा म विश्वस्त छु हामी सबै प्रष्ट हुनुपर्दछ, सिकाउन र सिक्न सक्ने बनाउन पनि पढाउनुपर्दछ।

# के तपाईं 'अल्फा जेन'को शिक्षक हो ?

**देवीप्रसाद अधिकारी**

मेरो छोराकी एक शिक्षिकाले केही समयअघि मलाई भनेकी थिइन्, 'हजुरको बाबुले धेरै प्रश्न गरेर हैरान पार्छ। मलाई त कति प्रश्नको उत्तर नै आउँदैन। कस्तो लाज मर्नु बनाउँछ कक्षामा।' उनीसँगै भएकी अर्की शिक्षिकाले थपिन्, 'अँ भन्या, कति धेरै कुरा थाहा भएको हो के, कक्षा २ मा पढ्नेलाई पनि ! अचम्म पार्छ।' अहिले बाबुले कक्षा ३ मा पढ्छ। उसका प्रश्नको जवाफ दिन मलाई पनि गाह्रो हुन्छ, जबकि दुई दशकदेखि मैले विश्वविद्यालय तहमा अध्यापन गर्छु। उसका कतिपय प्रश्नको जवाफ दिन कहिलेकाहीं मैले एआई (कृत्रिम बौद्धिकता)को प्रयोग गर्छु तर कतिपय जवाफ दिन एआई पनि सक्दैन। सत्य यो हो कि मेरो छोरो 'अल्फा जेनेरेसन'भित्र पर्छ। उसका शिक्षक 'जेनेरेसन एक्स' (सन् १९६०–१९८० को बिचमा जन्मेको समूह) का छन्, म त झन् वाई जेनेरेसन (सन् १९८०–१९९० को बिचमा जन्मेको समूह)को।

'बेबी बुमर' (सन्१९४६–१९६४ को बिचमा जन्मेको समूह) भन्दा अगाडिका जन्मेकाले सुनुअघि विभिन्न लोककथा, धार्मिक वा पौराणिक कथा, भूतका कथा सुनेर हुर्केको हुन्थ्यो। सीमित धार्मिक ग्रन्थका कहानी र श्रीस्वस्थानी कथालाई ज्ञानको अद्भुत स्रोत मानेर हुर्केको मेरो पुस्ता। मपछिको अर्को पुस्ता 'जेनेरेसन जेड' (सन् १९९०–२०१० को बिचमा जन्मेको समूह)ले हुर्कँदै गर्दा डिजिटल संसारमा छिर्न पाए। संसारभरका संगीत, फेसन, फिल्म, खाना, संस्कृति चाखेका ग्लोबल पुस्तामा पर्छन् यी। उनीहरू सामाजिक सञ्जालको बढी प्रयोगकर्ता भएकाले संसारभर सजिलै सञ्जाल बनाउन सक्ने वा कुनै भूगोल बाधक नबनेको पुस्ता। जसले स्कुल जान थालेसँगै मोबाइल देखे, जसलाई हामी भिजुअलमा बानी परेको पुस्ता पनि भन्छौं। उनीहरूले आफूलाई गुगल सर्चमा बानी पारेका छन्। गुगलमा सामग्री खोज्ने र युट्युबमा भिडियो धेरै हेर्ने बानीमा भुलेका छन्।

अब कुरा आउँछ, कक्षा २–३ मा पढ्ने केटाकेटीले किन धेरै प्रश्न गर्छन् ? उत्तर दिन किन गाह्रो हुन्छ ? यी केटाकेटी सामान्यतः जेनेरेसन वाईका छोराछोरी हुन्, जो आइप्याड, फोन, ल्यापटप आदिसँग हुर्कँदै आए। यो पुस्ता एक अप्रत्याशित विश्वव्यापी प्रयोगको अंश हो, जहाँ स्क्रिन तिनीहरूको सानो उमेरदेखि नै साथी छ। घरदेखि स्कुलसम्म उनीहरुलाई भुलाउनका लागि 'प्यासिफायर'का रूपमा स्क्रिन देखाइन्छ। यतिसम्म कि खुवाउँदा र दिसा–पिसाब गराउँदा समेत उनीहरुलाई बाबुआमाले स्क्रिनमै बानी पारेका छन्।

यही भयंकर स्क्रिन पुस्ता ( खासगरी सन् २०१० यता जन्मेका, जसलाई जेनेरेसन अल्फा भनिन्छ)लाई हामी हुर्काइरहेका छौं, पढाइरहेका छौं, सिकाइरहेका छौं तर के हामी यी पुस्ताका विशेषता र आवश्यकतामा परिचित छौं त ? परिचित छौं भने उनीहरूको सिक्ने स्वभाव र शैलीलाई सहजीकरण गरिरहेका छौं ? यी प्रश्न गम्भीर छन्। स्क्रिन र प्रविधिको वृद्धि सँगै 'जेनेरेसन अल्फा'को स्कुलिङको सुरुका दिनमा कोभिड महामारी आयो र कतिपयले अनलाइन कक्षा लिए। घरभित्रको नित्य कर्मदेखि विद्यालयको सिकाइमा स्क्रिनको ठुलो प्रभाव परेको 'जेनेरेसन अल्फा'लाई सिकाउन हामीले के गर्न सक्छौं ? यसतर्फ ध्यान दिन जरुरी छ।

यो पुस्ताले कुनै पनि प्रश्नको उत्तर सहजै र तत्कालै खोज्छन्, किनकि उनीहरूलाई एआईमा सर्च गरेपछि, गुगलमा खोजेपछि जे पनि पाइन्छ भन्ने बुझाइ छ। त्यसैले उनीहरू आफैं सिकाइका स्रोत हुन्। शिक्षकबाट पनि सोही अपेक्षा गरेर प्रश्न गर्छन्। त्यसैले शिक्षकले बालबालिकाबिच सामूहिक रूपमा अन्तरक्रिया गराएर सिकाउन जरुरी छ। यो पुस्ताको अर्को मुख्य विशेषता भनेको उनीहरूले काम गर्ने तरिका पनि हो, जसमा उनीहरू सबैलाई समान देख्छन्, भेदभाव गर्दैनन्। यद्यपि उनीहरूसँग बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय साथीहरू एकै कक्षामा हुन्छन्। अर्को महत्त्वपूर्ण पक्ष भनेको तिनीहरू डिजिटल प्रविधि प्रयोगमा स्वतन्त्र बन्दै छन्। 'जेन अल्फा'लाई 'डिजिटल नेटिभ जेनेरेसन'का रुपमा पनि चिनिन्छ, जसले आमाको काखदेखि नै डिजिटल डिभाइसबाट संवाद गर्छन्। उनीहरू नयाँ प्रविधि प्रयोग गर्नमा अनुभवी हुन्छन्। त्यसैले उनीहरूले धेरै शब्द र भाषिका इन्टरनेटबाट सिकेका हुन्छन्। इन्टरनेट 'स्ल्याङ' (अनौपचारिक शब्द), मिम्स (उट्पट्याङ भाव दिने) आदिजस्ता नयाँ शब्दावलीसँग उनीहरु अभ्यस्त हुन्छन्।

'जेन अल्फा'को अर्को पाटो हो, हाइपर कनेक्सन। उनीहरूलाई लाग्छ, आफूले हेरेको फिल्म धेरैले हेर्छन्, आफूले खेलेको खेल अरुले पनि खेलेका हुन्छन् भन्ने। कुन एपमा कस्तो कुरो सिक्न पाइन्छ, कुन प्लेटफर्ममा कस्ता जानकारी छन्, कुन गेम कसरी खेल्न मिल्छ, कुन एप कसरी इन्स्टल गर्न सकिन्छ, त्यसले कसरी काम गर्छ भन्ने उनीहरू तुरुन्तै सिक्न सक्छन्। नयाँ गेम पनि छिटै खेल्न सक्छन्। त्यसैले उनीहरू बिग गेमर्स हुन्। उनीहरू स्वभावले नयाँ कुरा पत्ता लगाउन, बनाउन र सिक्न तत्पर रहन्छन्। भनिन्छ प्रविधिको प्रचुर प्रयोगले बालबालिकाको सिर्जनात्मकता र आलोचनात्मक सोच वा चेत मारेको छ, तर यो पंक्तिकार त्यसमा पूर्ण समर्थन राख्दैन। सिर्जनात्मकता र आलोचनात्मक सोचबारे बुझ्नुछ भने एक दिन भरि केही 'जेन अल्फा'का बालबालिकासँग बसौं त। उनीहरुको जस्तो विचार, सोच जानकारीको तह, अनुभव र सीप न हाम्रो पुस्ताका वयस्क शिक्षितसँग थियो न हामीभन्दा अघिल्लो र पछिल्लो पुस्तासँग छ।

जेन अल्फाको बुझाइमा हामीले सुनेका जस्तो मिथ्या कथा कम हुन्छन्। भ्यागुताले पानी पार्ने, किचकन्याले तर्साउनेमा उनीहरुको ध्यान कम छ। उनीहरू त 'मार्स' ( मंगल ग्रह)मा जानका लागि ६ महिना सुत्ने ट्रेनिङ गर्नुपर्ने कुरा गर्छन्। चाइनाले समुद्रमुनि लामो ट्रेन बनाएको कुरा गर्छन्। एउटै बोटमा सुन्तला, कागती, भोगटे, जुनार, निबुवा फलाउन सकिने कुरा गर्छन्। आफूले रोबलक्सजस्तै गेम एप बनाएर करोडौं कमाउने कुरा गर्न सक्छन्। यीसम्बन्धी नै प्रश्न घर–परिवार र शिक्षकसँग गर्न सक्छन्।

सायद यस्तै ज्ञानको प्रभावले होला मेरो छोराले मलाई एक दिन भन्यो– बाबा, के यो हामीले पढ्ने सबै किताबको गेम बनाउन सकिँदैन ? मैले 'किन र ?' भनेर प्रतिप्रश्न गर्दा उसले भन्यो, 'आजभोलि हामी सबैलाई गेम खेल्न मन पर्छ। अनि सबै पढ्ने कुराको गेम बनायो भने सबैले खेलेर पढ्न पाउँछन् नि त [ कसैलाई गाली नि गर्नुपर्दैन। कोही फेल पनि हुँदैनन्।' हेर्नुस् त, यो पुस्ताको कस्तो सोच छ। के हामी शिक्षकहरूले, शिक्षाका योजनाकारहरूले, अभिभावकहरूले त्यसरी सोच्न सकेका छौं ? लाग्छ, हामीलाई त उनीहरू गेम खेलेर सकिए, स्क्रिन हेरेर बिग्रिए। अब यिनीहरूले के गरी खालान् ? के ज्ञान लेलान् ? सबै खत्तम हुने भए। के उनीहरूले प्रयोग गर्दै आएको प्रविधि सुधार्न र प्रविधिमार्फत नै चाहिने कुरा सिकाउन सकिन्छ भनेर हामीले सोचेका छौं ? अवश्य ! हामी जेन अल्फाका शिक्षक, अभिभावक र शिक्षाका योजनाकारले यी पक्षमा घनीभूत रूपमा विचार गर्नुपर्छ। नयाँ पुस्ताका सोच, सीप, ज्ञान र तत्परतालाई उनीहरूको आवश्यकता र रुचि अनुसार ढाल्न सकेनौं भने पछि गएर उनीहरु अवसर खोज्दै देश छाड्न बाध्य हुनेछन्। हामी थप रित्तिनेछौं, सकिनेछौं।

# मधेशमा भूकम्पबारे विवरण संकलन गरिँदै

ढल्केबर, २३ पुस। मंगलबार बिहान ६ बजेर ५० मिनेटमा मधेश प्रदेशका सबै जिल्लामा भूकम्पको धक्का महसुस गरिएको छ। भूकम्पले प्रदेशमा पुऱ्याए क्षति बारे विवरण संकलनको काम भइरहेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रहरी उपरीक्षक तथा प्रवक्ता सुबासचन्द्र बोहराले बाराको कलैया उपमहानगरपालिका देवकोटा चोकस्थित त्रिचन्द्र माध्यमिक विद्यालय १० जना छात्रा त्रसित भएर अचेत भएको बताउनुभयो। उपचार पश्चात् ती छात्राहरु घर फर्किएको उहाँले जानकारी दिए। उनको अनुसार त्यसबाहेक स्थानीय तह र मातहतका प्रहरी निकायमा बुझ्दा अहिलेसम्म भूकम्पबाट ठुलो तथा मानवीय क्षतिको विवरण आएको छैन। यद्यपि मातहतका प्रहरी कार्यालयबाट विवरण सङ्कलनको काम भइरहेको प्रवक्ता बोहराले बताए।

# कतै शीतलहर, कतै घाम

जनकपुर, २३ पुस। पछिल्लो सातादेखि मधेश प्रदेशका जिल्लामा शीतलहरको प्रभाव कम हुँदै गएको छ। बिहान बाक्लो हुस्सु, शीतलहर चले पनि दिउँसोपख घाम लाग्ने गरेकाले शीतलहरको असर कम देखिएको हो। बर्दीबास समाचारदाता रवीन्द्र उप्रेतीका अनुसार विगत वर्षमा जस्तो यो पटक महोत्तरीमा शीतलहरको प्रकोप देखिएको छैन। दैनिक जसो घाम लाग्नाले जाडोको खासै अनुभूति भएको छैन। जिल्लाको उत्तरी भेगमा त झन् शीतलहरको आभास नै छैन। दक्षिणी क्षेत्रमा भने बिहानपख बाक्लो हुस्सु लागे पनि दिन छिप्पिँदै जाँदा घाम लाग्ने गरेको छ। मौसमविद्हरूका अनुसार मौसमी तापक्रम १० डिग्रीभन्दा तल झ–यो भने तराई क्षेत्रमा शीतलहरको प्रकोप मानिन्छ। यो पटक भने पुस महिना सकिन लाग्दा पनि यहाँको तापक्रम २५ देखि १३ डिग्रीको बिचमा रहेको छ। केही दिनयता मौसमले लुकामारी गरे पनि तापक्रममा खासै असर देखिएको छैन। गत सोमबार बाक्लो हुस्सु लागेर जाडो बढेको थियो।

पारिलो घामको सदुपयोग गर्दै गृहिणीहरू लुगा धुने, बिस्कुन सुकाउने र माघेसङ्क्रान्तिका लागि तिल छाँट्ने कार्यमा व्यस्त देखिन्छन्। विगत वर्ष जस्तो जाडो नबढेपछि तुलनात्मक रूपले जनजीवन सहज देखिएको छ। झलमल्ल घाम लाग्ने गरेकाले आगो तापेर दिन काट्नुपर्ने बाध्यता पनि टरेको छ। शीतलहरका कारण बालबालिका बिरामी पर्न थालेपछि गत वर्ष दुई सातासम्म जिल्लाका विद्यालय बन्द गरिएका थिए। यो पटक सबै शिक्षण संस्था निर्बाध रूपमा चलेका छन्। मौसमी अनुकूलताको प्रभाव स्वास्थ्य क्षेत्रमा पनि देखिएको छ। जिल्लाका अस्पतालमा विगत वर्षको जस्तो जाडोका बिरामीको चाप देखिएको छैन। केही दिनयता फाट्टफुट्ट चिसोका कारण बिरामी आउने गरेको बर्दीबास अस्पतालले जनाएको छ। अस्पतालका सूचना अधिकारी विनोदकुमार सिंहले दम, हाडजोर्नीको समस्या लिएर बुढापाका र रुघाखोकी, श्वासप्रश्वास लागेका बालबालिका अस्पतालमा बढेको बताउनुभयो।

त्यस्तै औरही नगरपालिकाले जाडो छल्न नगर क्षेत्रका आठ सय विपन्न परिवारलाई कम्बल वितरण गर्ने तयारी गरेको छ। यसबिच शीतलहरको अवस्था देखियो भने दाउरा वितरणका लागि पनि बजेट छुट्याइएको नगरपालिकाका कार्यकारी प्रमुख माधवेन्द्र चौधरीले बताउनुभयो। लामो समयपछि तराईमा शीतलहर नचलेपछि स्वास्थ्य र कृषि क्षेत्रमा अनुकूल प्रभाव देखिएको छ। यो पटक बालीनालीमा रोग किराको खासै प्रकोप देखिएको छैन। नियमित जसो घाम लागिरहेकाले बोटबिरुवाले खाना बनाउने प्रक्रिया प्रकाश संश्लेषणमा बाधा नपर्दा वनस्पति र कृषि क्षेत्रका लागि पनि यो अवस्था अनुकूल रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

**घाम लागेपछि राहत**

**वीरगन्ज समाचारदाता दीपकप्रसाद**

गौतमका अनुसार लगातार दुई दिनदेखि हुस्सु र कुहिरोसँगै शीत परेर दैनिक जनजीवन नै कष्टकर बन्दै गएकोमा सोमबार घाम लागेपछि चिसोबाट केही राहत मिलेको छ। चिसोका कारण जनजीवन नै प्रभावित बनेको अवस्थामा सोमबार चर्को घाम लागेपछि सबैलाई केही राहत मिलेको हो। चिसोका कारण घरबाहिर धेरै कम सर्वसाधारण निस्किरहेको अवस्थामा घाम लागेपछि धेरै जना घाममा घरबाहिर नै देखिन्थे। मौसम फिल्ड कार्यालय सिमराका अनुसार शनिबार वीरगन्जको न्यूनतम तापक्रम ९.५ डिग्री सेल्सियस र आइतबार न्यूनतम तापक्रम १०.५ डिग्री सेल्सियस मापन गरिएको छ। सोमबार बिहान चिसो र हुस्सु भएपछि ११ बजेबाट राम्ररी चर्को घाम लागेको छ। वीरगन्ज महानगरले जाडो बढेसँगै नारायणी अस्पताल, नयाँ बसपार्क चोक, घण्टाघर चोक माईस्थान चोक, मुरली चोकलगायतका विभिन्न स्थानमा दाउरा उपलब्ध गराएर आगो ताप्ने व्यवस्था गरेको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले चिसोबाट स्थानीयलाई जोगाउन विभिन्न स्थानमा दाउरा वितरण गरिरहेको बताउनुभयो। प्रजिअ अर्यालले आर्थिक अवस्था कमजोर भएका परिवारलाई सिरक तथा न्यानो लत्ताकपडा वितरण गर्ने कार्यसमेत भइरहेको जानकारी दिनुभयो। हालसम्म चिसोका कारण कसैको ज्यान नगएको स्थानीय प्रशासनले जनाएको छ। महोत्तरी समाचारदाता नागेन्द्रकुमार कर्णका अनुसार चार दिनको चिसो र कुहिरोबाट आक्रान्त बनेका महोत्तरीका बासिन्दाले सोमबार घाम उदाएपछि राहत महसुस गरेका छन्। अन्तर्राष्ट्रिय नयाँ वर्ष २०२५ को पहिलो दिनदेखि महोत्तरीमा चलेको हावा र चिसोका कारणले जनजीवन प्रभावित बनेको थियो। त्यसमा झन् शनिबार र आइतबार बिहानदेखि रातिसम्म हावा चलेपछि वृद्धवृद्धा र बालबालिकालाई प्रभावित भएका थिए।

चार दिनदेखि महोत्तरीमा चिसो बढेपछि पालिकाले विद्यालयमा बिदा दिन सुरु गरेका छन्। पिपरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोषकुमार मिश्रले आइतबार नै एक सूचना जारी गर्दै पुस २२ गतेदेखि २९ गतेसम्म वर्षे बिदाबाट कट्टा हुने गरी जाडो बिदा दिइएको उल्लेख गर्नुभएको छ। जलेश्वर नगरपालिकाका वयोवृद्ध विकाउ साफीले घाम लागेपछि राहत महसुस भएको बताउनुभयो। शनिबार नेपाली सेनाको गोरखनाथ गण परिकौलीले मटिहानी नगरपालिकाका १२३ जनालाई कम्बल वितरण गरेको थियो।

रौतहट समाचारदाता यादवराज पुरीका अनुसार पुसको अन्तिम सातासम्म पनि कठ्याङ्ग्रिँदो जाडो नहुँदा रौतहटका कपडा व्यापारी निराश बनेका छन् भने न्यानो कपडाको अभावमा जाडोको कहर खेप्ने सर्वसाधारण नागरिक खुसी देखिन्छन्। विगतका वर्षमा पुस लागेदेखि नै शीतलहर सुरु हुँदा न्यानो कपडाको बिक्री अधिक हुन्थ्यो र व्यापारी खुसी हुन्थे। जाडोका कारण सर्वसाधारण कठ्याङ्ग्रिएर बस्नुपर्ने अवस्थाले उनीहरूको दैनिकी कष्टकर हुन्थ्यो। मुसहर समुदायका अगुवा अनुप मुसहर माझी भन्नुहुन्छ, "यस वर्ष पुसमा एक/दुई दिन मात्र हुस्सु देखा प–यो र जाडो महसुस भयो तर अधिकांश दिन घाम लागेका कारण विपन्न परिवारले शीतलहरको सामना गर्नु परेको छैन। यस्तै मौसम हुने हो भने माघ एक महिना काट्न खासै गाह्रो हुँदैन।"

रौतहटको प्रमुख बजार गौर, गरुडा, कटहरिया, चन्द्रनिगाहपुर बजारका कपडा तथा फेन्सी व्यापारी भने न्यानो कपडाको बिक्री कम हुँदा निराश बनेका छन्। चन्द्रपुर नगर उद्योग वाणिज्य स का अध्यक्ष सुरेन्द्र सापकोटा भन्नुहुन्छ, "अघिल्ला वर्षमा मङ्सिरको अन्तिम सातादेखि नै जाडो सुरु हुँदा व्यापारीको न्यानो कपडा, सिरक डसना अधिक बिक्री हुन्थ्यो र मुनाफा पनि राम्रै हुन्थ्यो। यस वर्ष हालसम्म कठ्याङ्ग्रिँदो जाडो नहुँदा फेन्सी पसल सुनसान छन्। ब्याजमा पैसा

–बाँकी अन्तिम पेजमा

# माझी बस्तीको निरीक्षण



**विजयकुमार साह**

ढल्केबर, २३ पुस। धनुषाको मिथिला नगरपालिका-१०, लालगढस्थित माझी टोलमा चिकित्सकसहितको विज्ञ टोलीले निरीक्षण गरेका छन्। माझी टोलमा नवजात शिशुको अकालमै मृत्यु हुने गरेको खबर बाहिरिएपछि चिकित्सक टोलीले निरीक्षण गरेका हुन्। मधेश स्वास्थ्यविज्ञान प्रतिष्ठानको संयोजनमा प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अस्पताल विकास तथा चिकित्सा महाशाखाका प्रमुख वर्षा प्रकाश, प्रतिष्ठानका वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा.रुबी सिंहलगायतका चिकित्सा अधिकारीको टोली माझी टोलमा पुगेर निरीक्षण गरेको जनाइएको छ। अस्पताल विकास तथा चिकित्सा महाशाखाका प्रमुख वर्षा प्रकाशले माझी टोलमा नवजात शिशुको अकालमै मृत्यु हुँदै हुने गरेको विषयमा मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले गम्भीरता देखाउँदै वस्तुस्थिति बुझ्न हामीलाई पठाएको बताउनुभयो। पीडित भनिएकाहरूको दैलोमै पुगेर घटनाबारे जानकारी लिएको उहाँले जानकारी दिनुभयो।

चिकित्सा महाशाखाका प्रमुख वर्षाले प्रकाशमा आएजस्तो भयावह अवस्था नदेखिएको बताउँदै एक महिनाअघि चार महिनाको एक नवजात शिशुको मृत्यु भएको तथ्य भेटिएको बताउनुभयो। वंशानुगत, रहनसहन, उपचार अभाव आदिमध्ये कुन कारणले नवजात शिशुको मृत्यु भएको भन्ने विषयमा छलफल गरेरे बताउने उहाँको भनाइ छ। त्यसअघि माझी टोलमा नवजात शिशुको अकालमै मृत्यु हुने गरको विषयमा समाचार प्रकाशनमा आएपछि मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले तत्कालै आफ्ना प्रेस सल्लाहकार अनिलकुमार कर्ण र स्वकीय सचिव रविन सिंहलाई माझी टोल पठाएर त्यहाँको वस्तुस्थितिबारे जानकारी लिनुभएको थियो। मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार कर्णले माझी टोलका पीडित भनिएकाहरूको घरमा पुगेर नवजात शिशुको मृत्यु हुने गरेका घटनाबारे जानकारी लिनुभयो।

त्यसक्रममा केही दिनअघि मात्रै चार महिने छोरी गुमाएका कृष्णबहादुर माझीसँग मुख्यमन्त्री सिंहले फोन सम्वाद गर्नुभयो। उहाँले कृष्णबहादुरको नवजात शिशुको एक महिनाअघि भएको निधनप्रति शोक व्यक्त गर्दै अकालमा कुनै पनि शिशुको ज्यान गुम्ने स्थितिलाई रोक्न प्रदेश सरकारले हरसम्भव प्रयास गर्ने उल्लेख गर्नुभयो। मुख्यमन्त्रीका प्रेस सल्लाहकार कर्णले स्वास्थ्य टोलीले यकिन गरेपछि माझी टोलमा प्रवर्धनात्मक, नियन्त्रणात्मक तथा उपचारात्मक कार्य सरकारले अघि बढाउने बताउनुभयो। तत्काल जाडोबाट जोगिन २२ विपन्न परिवारलाई न्यानो कम्बल वितरण गरिएको जानकारी दिनुभयो।

## कतै शीतलहर...

सापटी लिएर न्यानो कपडा हालेका व्यापारीको भने झन् बिजोग देखिन्छ।

जनज्योति नमुना विद्यालय चन्द्रपुर-६ का सहायक प्रधानाध्यापक वसन्त सापकोटाले पुस महिना बित्न लाग्दा पनि खासै जाडो नभएका कारण हालसम्म विद्यालय बन्द गर्नुपर्ने अवस्था नआएको बताउनुभयो। उहाँका अनुसार कक्षाकोठामा जाडो महसुस हुँदा बालबालिकालाई घामको न्यानोमा राखी विद्यालयको चौरमा अध्यापन गराइने गरिएको छ।

कलैया समाचारदाता शिवशङ्कर मिश्रका अनुसार घाम लागेपछि सर्वसाधारणको दैनिकी राम्रो बनेको छ। करिब दुई साताअघि सुरु भएको शीतलहर र हुस्सुका कारण चिसो अत्यधिक बढ्दै गएपछि यहाँको जनजीवन कष्टकर बनेको थियो। केहीदिनदेखि निरन्तर चलेको शीतलहर र चिसोबाट आज स्थानीयले घाम लागेपछि राहत महसुस गरिएको बाराका निमित्त प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले जानकारी दिनुभयो। चिसोले गर्दा सबैभन्दा बढी बालबालिका, वृद्धवृद्धा, मजदुर र ठेला रिक्सा चलाएर दैनिकी चलाउने सर्वसाधारण धेरै प्रभावित बनेका थिए। चिसो बढेकै कारण केही विद्यालयमा जाडो बिदा गरिएको थियो भने स्थानीय सरकारले पालिकामा आगो ताप्नका लागि दाउरा वितरण गर्ने योजना बनाएको थियो।

# सहकार्यतर्फ अग्रसर मधेशकेन्द्रित दल

काठमाडौं, २३ पुस। सत्ता र शक्तिको खेलमा लागेर छिन्नभिन्न भएका मधेशकेन्द्रित दलहरू नयाँ ढंगले सहकार्य गर्न अग्रसर भएका छन्। सत्ता साझेदार नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले राजनीतिक स्थिरताका लागि संविधान संशोधनमार्फत 'थ्रेस होल्ड' को मुद्दामा बहस थालेपछि मधेश आन्दोलनबाट उदाएका दलले एकीकृत कार्ययोजनामा छलफल थालेका हुन्। जनता प्रगतिशील पार्टीका संयोजक हृदयेश त्रिपाठीले मधेशकेन्द्रित दललाई एउटै ठाउँमा ल्याउन वार्ता समिति बनाएर साझा मञ्चमार्फत एकीकृत र सङ्गठित गर्न प्रयास भइरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "मधेशकेन्द्रित सबै दलका नेतासँग भेटघाट जारी छ। केही दलले कार्यदल बनाएका छन्। साता दिनभित्र सबै दलले कार्यदल बनाउने छन्। लुज फोरम बनाउन उपेन्द्र यादव, महन्थ ठाकुर, रेशम चौधरी, प्रभु साह, राजेन्द्र महतोसहितका नेतासँग छलफल भइरहेको छ।"

**'अस्तित्व जोगाउन मोर्चा'**

राजनीतिक विश्लेषक चन्द्रकिशोरले सत्ता पक्षले संविधान संशोधनमार्फत थ्रेस होल्ड बढाउने तयारी गरेपछि आफ्नो अस्थित्व जोगाउन मधेशकेन्द्रित दल एक हुन लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "मधेशकेन्द्रित दल थ्रेस होल्ड बढ्नेबित्तिकै खरानी नै हुन्छन्। यी दलमा एकअर्कोमा इगो छ, एकले अर्कोको नेतृत्व स्वीकार गर्दैनन्। त्यस्तो अवस्थामा लुज फोरम नै उपयुक्त हो।" उहाँले मधेशकेन्द्रित दलले आफ्नो एजेन्डा छोडिसकेकाले मधेश आन्दोलन ढिलो चाँडो उठ्ने अवस्था देखिएको विश्लेषण सुनाउनुभयो। राजनीतिक रूपमा अहिले मधेश पुरानै अवस्थामा पुगेकाले फेरि आन्दोलन उठ्न सक्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "त्यसको नेतृत्व कसले गर्छ भन्न सकिँदैन। यो कुरा एमाले, कांग्रेस माओवादीले बुझेका छैनन्। मधेश आन्दोलन फेरि कुनै न कुनै बेला उठ्ने अवस्था छ। सिडिओ, जिल्ला प्रहरी प्रमुख, राजदूत, कुलपति र विज्ञ कुन समुदायका भएका छन् ? भन्सारमा करका हाकिम के गर्दै छन्। यी सबैले मधेशमा समस्या बढ्दै छ।"

**कुन-कुन दल मोर्चाको प्रयासमा ?**

संयोजक त्रिपाठीले तत्काल एउटै पार्टी बनाउन नखोजिएको भन्दै साझा मञ्चमार्फत गठबन्धन गर्ने प्रयास भइरहेको बताउनुभयो। उहाँले मुद्दाकेन्द्रित भई बृहत् खालको एलाइन्स बनाउन खोजिएको बताउनुभयो। उहाँका अनुसार मोर्चा बनाउन ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टी, प्रभु साह नेतृत्वको आमजनता पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्तिसहितका दल मोर्चागत सहकार्यका लागि छलफलमा छन्। लोसपाले जितेन्द्रप्रसाद सोनालको नेतृत्वमा वार्ता समिति बनाएको छ। जसपा नेपालले राजेन्द्रप्रसाद श्रेष्ठको नेतृत्वमा वार्ता टोली बनाएर एकता, सहकार्य र मोर्चाका विषयमा छलफल अघि बढाउने निर्णय गरिसकेको छ।

**छलफलबाहिर साह**

आमजनता पार्टीका अध्यक्ष प्रभु साहले मधेशकेन्द्रित दलसँग मोर्चा बनाउनेबारे कुनै छलफल नभएको दाबी गर्नुभयो। राष्ट्रिय मुक्ति आन्दोलनका संयोजक एवं पूर्वमन्त्री राजेन्द्र महतोले अधिकारवादी, पहिचानवादीलाई समाप्त पार्ने खेल सुरु भएपछि एक हुन छलफल गर्न थालेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यो कुनै चुनाव जित्न वा सांसद बन्न होइन। कुनै पद र अवसरका लागि लुज फोरम बनाउन खोजिएको होइन। गठबन्धन आवश्यकतामा एजेन्डामा केन्द्रित हुने छ।"

उहाँले मोर्चामा मधेशीसँगै दलित, जनजाति, थारू, शेर्पा, मगर, गुरुङ, राई, लिम्बूसहित सबै समुदायलाई समेटेर अधिकार र पहिचानवादीको बृहत् मोर्चा बनाउने प्रयासमा लागेको बताउनुभयो। उपेन्द्र यादव नेतृत्वको जसपाका नेता प्रकाश अधिकारीले मधेशकेन्द्रित दलबिच सहकार्य गर्नेबारे सामान्य छलफल मात्रै भएको जानकारी दिनुभयो। अशोक राई नेतृत्वको जसपा नेपालका स ीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठले दलहरूबिच सहकार्यका लागि प्रारम्भिक छलफल भइरहेको बताउनुभयो।

उहाँले संविधान संशोधन गर्दा राजनीतिक स्थिरता दिन प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, खुला सूचीमा आधारित समानुपातिक प्रणाली, विज्ञबाट मन्त्री बनाउनुपर्ने एजेन्डा पार्टीको तर्फबाट अघि सारिएको जानकारी दिनुभयो।

# अमलेखगञ्जबाट चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तार हुँदै

बारा, २३ पुस। बाराको अमलेखगञ्जबाट चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तारको काम छिट्टै अगाडि बढाइने भएको छ। मोतीहारी-अमलेखगञ्ज पाइप लाइनको काम सकिएपछि चितवनको लोथरसम्म पाइप लाइन विस्तार गर्ने लक्ष्यसहित काम अघि बढाउन लागिएको हो। अमलेखगञ्जबाट चितवनको लोथरसम्म ६९ किलोमिटरमा निर्माण हुने सो पेट्रोलियम पाइप लाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट फिल्ड अध्ययनको काम सकिएर डिपिआर निर्माण भइरहेको नेपाल आयल निगमका प्रवक्ता इञ्जिनियर मनोज ठाकुरले जानकारी दिए। "नेपाल र भारत दुवै देशका उच्चस्तरीय प्राविधिक टोलीबाट अध्ययनको काम भइसकेको छ", प्रवक्ता ठाकुरले भने, "टोलीले अध्ययन गरेर अहिले डिपिआर तयार गरिरहेको छ।" पाइप लाइन विस्तार गरी लोथरमा एक लाख लिटर पेट्रोलियम पदार्थ भण्डारण गर्नेगरी काम अघि बढ्ने उनको भनाइ छ। अमलेखगञ्जबाट लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तार भई सञ्चालनमा आएपछि पश्चिमी र उत्तरी नेपालमा पेट्रोलियम पदार्थको अभाव नहुने उनको विश्वास छ।

यसैगरी मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन विस्तारको काम सकिएसँगै पाइप लाइनबाटै पेट्रोलियम पदार्थको आयात गर्न परीक्षण सुरु गरेको छ। मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन विस्तारको सम्पूर्ण काम सकिएको र तत्काल परीक्षणका लागि पाइप लाइनबाटै पेट्रोल र मट्टितेल ल्याइएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयङ्कर आचार्यले जानकारी दिए। "पाइप लाइन परीक्षण गर्न तत्कालका लागि विस्तार गरिएको पाइप लाइनबाटै पेट्रोल पाँच हजार पाँच सय केएल र एक हजार केएल मट्टितेल ल्याएका छौँ", उनले भने, "पाइप लाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको परीक्षण भइरहेको छ।" त्यो सँगै पाइप लाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्न आवश्यक तयारी भइरहेको उनको भनाइ छ। दुवै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा पाइप लाइनको उद्घाटन गर्ने वा कसरी नियमित आयात सुरु गर्ने विषयमा छलफल भइरहेको जनाउनुहुँदै उनले जनवरी २०२५ देखि पाइप लाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्ने भनिए पनि आवश्यक तयारी पूरा नभएकाले केही दिन ढिला हुने बताए।

# काठसहित एक पक्राउ

ढल्केबर, २३ पुस। ट्याक्टर प्रयोग गरी अवैध रूपमा ओसारपसार भइरहेको काठसहित एक जनालाई वन कर्मचारीले पक्राउ गरेको छ। धनुषाको गणेशमान चानानाथ नगरपालिका-६, गोदारबाट ज. १ त. ८९२८ नम्बरको ट्याक्टरसहित चालक जितेन्द्र सहनीलाई कमला सब डिभिजन वन कार्यालय गोदारका वन कर्मचारीले पक्राउ गरेको हो।

# पार्टी भित्र कुनै पुर्व समूह छैनन, सबै एमाले हुन् : ओली

काठमाडौ, २३ पुस। प्रधानमन्त्री एवं नेकपा (एमाले) ले केपी शर्मा ओलीले पार्टीभित्र अब कुनै पनि पूर्व समूहहरु कायम नरहेको र सबै साथीहरु वर्तमान एमालेंको भरभराउँदो पङ्ति भएको बताएका छन्। एमालेको केन्द्रीय कमिटीको आठौँ बैठकमा राजनीतिक प्रतिवेदनमाथिको छलफलपछि समापन सम्बोधन गर्दै अध्यक्ष ओलीले पार्टीभित्र अब कोही पनि पूर्व माले, पूर्व माओवादी वा १० बुँदेजस्ता समूहहरु कायम नरहेकाले त्यस्ता पूर्व समूहहरु खोज्नतिर नलाग्न आग्रह गरेका हुन्। "एमालेमा अब कुनै पनि पूर्व समूहरु छैन। हामीले पूर्व समूह खोज्नतिर होइन वर्तमानको एमाले खोजौँ। भरभराउँदो आजको एमाले खोजौँ।", अध्यक्ष ओलीले भने, "हामी यथास्थितिवादी होइनौँ। क्रान्तिकारी हौँ। हाम्रो लक्ष्य समाजवाद हो, समृद्ध नेपाल, सुखी नेपाली हो। हामीमाथि भएका आन्तरिक र बाह्य घेराबन्दीविरुद्ध एक भएर लड्दै हामीले मुलुक र देशको हितमा प्रभावकारी काम गर्न सक्नुपर्छ।"

अध्यक्ष ओलीले विगतमा एकीकृत पार्टीलाई विभाजित गर्न पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपालहरु लागेको उल्लेख गर्दै आलोचनाका विषय पार्टीभित्र राख्न सकिने तर लोकतन्त्रका नाममा पार्टीलाई ध्वस्त बनाउने खालको गुटबन्दी र अराजकता अस्वीकार्य नहुने स्पष्ट गरे। मुलुकलाई स्थायित्व र समृद्धिको लक्ष्यसहित एमाले र काँग्रेससहितको वर्तमान सरकारको तर्फबाट गर्नपर्ने कामहरु सक्दो गर्दै जाने विश्वास दिलाउँदै आफूहरु चुनावदेखि चुनावसम्मको केवल सत्ता-यात्रामा नरहेकाले समाजवादको लक्ष्य र गन्तव्यलाई ध्यानमा राखेर काम गरिरहेको स्पष्ट गरे।

अध्यक्ष ओलीले पार्टीका नेता-कार्यकर्ताहरुलाई सामाजिक सञ्जालको उपयोग बढाउन र भएका राम्रा कामको व्यापक प्रचार गर्न पनि आव्हान गरे। प्रधानमन्त्री ओलीले असम्लग्न परराष्ट्र नीति र सन्तुलित छिमेक सम्बन्धको नीतिमा सदैव स्पष्ट रहेको स्मरण गराउँदै छिमेकीका विकासबाट नेपालले लाभ लिने बताए। नेपालको राजनीतिक नक्सामा सामेल भएको नेपाली भूमि फिर्ता गराएर छाडिने अठोट पनि व्यक्त गरे। यही पुस २१ गतेदेखि सुरु भएको एमालेको केन्द्रीय कमिटीको बैठक राजनीतिक प्रतिवेदन र सङ्गठन सुधारका योजना तथा समसामयिक प्रस्तावहरु पारित गर्दै आज सकिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)